निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय

## भद्रपुर झापा

प सं
च.नं :- ५०

मिति २०७९।०५।२३

श्री गाउँकार्यपालिकाको कार्यालय सबै, झापा ।

**विषय : निर्वाचन खर्च विवरण पेश गर्ने तथा नगर्ने गउँकार्यपालिका सदस्य उमेद्वारहरुका सम्बन्धमा ।**

प्रस्तुत विषयमा स्थानीय तह निर्वाचन २०७९ सम्पन्न भईसके पश्चात् गाउँकार्यपालिका सदस्य उमेद्वारहरुले अन्तिम मतपरिमाण घोषणा भएको मितिले ३० दिन भित्र खर्चको विवरण पेश गर्नुपर्ने व्यवस्था निर्वाचन आयोग ऐन २०७३ को दफा २५ मा रहेको छ । यसै सन्दर्भमा तहाँ स्थानीय तहमा स्थानीय तह सदस्य निर्वाचन २०७९ मा गाउँकार्यपालिका सदस्यमा उम्मेद्वारी दिएका उम्मेद्वारहरु मात्र मध्ये कानुन बमोजिम खर्चको विवरण पेश गर्ने तथा पेश नगर्ने गाउँकार्यपालिका सदस्य उम्मेद्वारहरुको सुची पत्रसाथ संलग्न गरी पठाइएको छ ।साथै मिति २०७९/०५/२३ गते राष्ट्रिय दैनिक पत्रिका गोर्खा पत्रमा प्रकाशित खर्चको विवरण पेश गर्ने उम्मेद्वारका लागि तथा खर्चको विवरण पेश नगर्ने उम्मेद्वारका लागि सार्वजनिक गरिएको छुट्टा छुट्टै सुचना समेत संलग्न गरी पठाइएको छ । यस कार्यालय बाट पठाइएको सुचनाहरु तथा गाउँकार्यपालिका सदस्य उम्मेद्वारहरुको सुची मिति २०७९/०५/२३ गतेकै दिन त्यहाँ स्थानीय तहको web site मा राखिदिन हुन तथा सुचना पार्टीमा टाँस गरी टाँस गरेको मुचुल्का तयार गरी ३ दिन भित्र यस कार्यालयमा पठाईदिनु हुन साथै सुचनामा उल्लेख भए वमोजिम कार्य गर्ने गराउने वातावरण वनाइदिनहुन अनुरोध गर्दछु ।

**नोट** : झापा जिल्लाका गाउँकार्यपालिका सदस्य उम्मेद्वारहरु मध्ये खर्चको विवरण पेश गर्ने तथा नगर्ने उम्मेद्वारहरुको सुची यस कार्यालयको वेब साइट (web site) मा सार्वजानिक गरिएको र सुचनापाटिमा समेत टाँस गरिएको व्यहोरा अनुरोध गर्दछु ।

बोधार्थ :
श्री निर्वाचन आयोग,
कानुन तथा राजनिक दल व्यवस्थापन महाशाखा।

तुलसी कुमार नेपाल
जिल्ला निर्वाचन अधिकारी

Email:deo.jhapa@election.gov.np Tel: 023-453162 Fax: 023-456162

निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय झापा

<u>स्थानीय तह सदस्य निर्वाचन, २०७९ को कार्यपालिका सदस्यमा उम्मेदवार बनेका उम्मेदवारहरुले निर्वाचन खर्च पेश गर्ने/नगर्नेको विवरण</u>

| क.सं. | स्थानीय तह | पद | उम्मेदवारको नाम | मतदाता प.प.नं | लिङ्ग | उमेर | राजनीतिक दल/स्वतन्त्र | निर्वाचित/पराजित | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कमल गाउँपालिका | महिला सदस्य | मनमाया सिटौला | १२३११५८६ | महिला | ४९ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्विरोध | पेश नगरेको |
| २ | कमल गाउँपालिका | महिला सदस्य | केसरा नेपाली वर्देवा | २१९९५६११ | महिला | २७ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्विरोध | पेश नगरेको |
| ३ | कमल गाउँपालिका | महिला सदस्य | चन्द्रकला सुब्बा | १२२७४७६३ | महिला | ४४ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्विरोध | पेश नगरेको |
| ४ | कमल गाउँपालिका | महिला सदस्य | गंगादेवी राई | १२००६८०२ | महिला | ५८ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्विरोध | पेश नगरेको |
| ५ | कमल गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | सोभितनारायण राजवंशी | १२१०७५२१ | पुरुष | ६२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्विरोध | समयमा पेश |
| ६ | कमल गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | ज्ञान बहादुर नेपाली | १२४८५४३४ | पुरुष | ४९ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्विरोध | समयमा पेश |

जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन कार्यालय
भद्रपुर, झापा

। शौचालय, छ। आवास

प्रयाप्त वर्षा नहुँदा ८५ प्रतिशत खेतबारीमा रोपाईँ नगरिएको तथा १५ प्रतिशत गरिएको रोपाइँ पनि सुकेर नष्ट भएपछि स्थानीय सरकारले गत साउन

तथा राहत वितरणका व्यवस्थाका लागि लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारलाई सिफारिस गर्ने निर्णय गरेको समितिले जनाएको छ।

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरूले आफू उम्मेदवार भएको जिल्ला समन्वय समितिको कार्यालयमा ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी जिल्लाको प्रदेश वा जिल्ला निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन कार्यालय
भद्रपुर, झापा

विस्तृत विवरण परिषद् परीक्षा नियन्त्रण ...
कार्यालयको वेबसाइट ctevtkarnali.org.np मा हेर्नुहुन अनुरोध छ।

निर्देशक

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरूका नाउँमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेस गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भरपाई सहित आयोगले तोकेको कार्यालयमा पेस गर्नुपर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाइ सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भइसकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट **www.election.gov.np** मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र सो कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।